# जीविकोपार्जन सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८/१०/०२*

**प्रस्तावनाः**

गण्डकी प्रदेशमा सामाजिक आर्थिक अवसरहरुको दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको व्यक्ति तथा समुदायलाई कृषि कार्यमा संलग्न गराई गरिबी निवारणमा टेवा पुऱ्याउन तथा खाद्य सुरक्षा सुनिश्चितता गर्दै आर्थिक रुपमा सबल बनाउने उद्देश्यले जीविकोपार्जन सहयोग सम्बन्धी कार्यक्रम सञ्चालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) जीविकोपार्जन सहयोग सम्बन्धी कार्यक्रमहरु समुदायस्तरमा सञ्चालन हुनेछन्।

(ख) कार्यक्रम सञ्चालन गर्ने समुदाय छनौट गर्न जिल्लास्तरमा देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्रमुख | संयोजक |
| जिल्ला समन्वय समितिको कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख/प्रतिनिधि | सदस्य |
| सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| सम्बन्धित जिल्लाको मालपोत कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| जीविकोपार्जनको क्षेत्रमा काम गर्ने संघ संस्थाको एक जना महिला प्रतिनिधि | सदस्य |
| सम्बन्धित कार्यालयको कार्यक्रम हेर्ने फोकल अधिकृत | सदस्य सचिव |

(ग) बुँदा १ (ख) बमोजिमको समितिले देहायको विषयको आधारमा कार्यक्रम सञ्चालन हुने समुदायको छनौट गर्नुपर्नेछ।

(अ) कृषि नै आम्दानीको प्रमुख श्रोत भएको समुदाय,

(आ) तुलनात्मक रुपमा कम भूः स्वामित्व भएका घरपरिवार रहेको समुदाय,

(इ) सामाजिक आर्थिक दृष्टिले तुलनात्मक रुपमा पछाडी परेको वर्ग, क्षेत्र वा समुदाय,

(ई) प्राकृतिक प्रकोपको बढी जोखिमयुक्त वा प्राकृतिक प्रकोपको कारण जीविकोपार्जनमा समस्या परेको क्षेत्र,

(उ) संघ, प्रदेश र स्थानीय तहबाट समान प्रकृतिका कार्यक्रम सञ्चालन नभएको समुदाय,

(ऊ) समितिले तोकेका अन्य मनासिव आधारहरु।

(घ) सम्बन्धित कार्यालयले लक्षित समूह छलफल (FGD), Transect walk, Social Mapping, Resource mapping, मुख्य सरोकारवाला अन्तरवार्ता (KII) जस्ता सहभागितात्मक ग्रामीण लेखाजोखा प्रणाली (PRA tools) को प्रयोग गरी छनौट भएको समुदाय भित्र बुँदा १(ग) बमोजिमका कम्तीमा १० घरपरिवार छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ङ) कार्यक्रम सञ्चालन गर्दा छनौट भएको घरपरिवार समेटिएको कृषक समूह गठन गरी सोही कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(च) यस कार्यक्रम सञ्चालन गर्ने लाभग्राहीहरुले आलु/तरकारी/च्याउ/नगदेबाली खेती/मौरीपालन वा बङ्गुर/कुखुरा/बाख्रा/माछा पालन गर्नुपर्नेछ।

(छ) लाभग्राही समूहले सम्बन्धित कार्यालयको प्राविधिकको सहयोगमा प्रत्येक लाभग्राही कृषक परिवारले सञ्चालन गर्ने कार्यको कार्ययोजना तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ। त्यसरी प्राप्त भएको कार्ययोजना सम्बन्धित कार्यालयले आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृति गर्ने र सोही बमोजिम कार्यान्वयन गराउनुपर्नेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रही कृषि बाली तथा पशुपन्छीको उत्पादनका लागि आवश्यक पर्ने उत्पादन सामग्री तथा पशुपन्छी खरिद, संरचना निर्माण, मेसिनरी औजार तथा यन्त्र उपकरण खरिद, सिँचाई व्यवस्थापन लगायतका व्यवस्थापकीय कार्यका लागि बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

(ख) छनौट भएका लाभग्राहीहरुलाई सञ्चालन हुने कार्यक्रमको प्रकृति अनुसार क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ग) बुँदा (क) को परिधिभित्र रही प्रति घरधुरीलाई अधिकतम पचास हजार रुपैंयासम्मका दरले अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**३. अनुगमन तथा मूल्याङ्कनः** यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" मा व्यवस्था भए बमोजिम हुनेछ।